नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

## घाट ठेक्का बन्दोबस्तको दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२०)

यस चितवन राष्ट्रिय निकुञ्जको राप्ती र नारायणी नदीको निम्न घाटहरुमा आ.व. २०८३/०८४ मा डुंगाद्वारा पर्यटक घुमाउन (डुंगा सयर) को लागि बढी बढाउमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इजाजत प्राप्त फर्म वा कम्पनीहरुबाट देहाय अनुसारको समयावधि भित्र नियमानुसार दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि घाट ठेक्का आह्वान गरिएको छ ।

तपसिलः

| ठेक्का नं. | घाटको नाम | न्युनतम घाट ठेक्का रकम रु. |
|---|---|---|
| ठे.नं.०१/०२/२०८३/०८४ | राप्ती नदीको घटगाई घाटदेखि कसरा पुलसम्म | ७,५३,५००.०० |
| ठे.नं.०१/०३/२०८३/०८४ | राप्ती नदीको कसरा पुलदेखि केरुडाखोला र राप्तीखोलाको दोभानसम्म | ५८५६४०.०० |
| ठे.नं.०१/०४/२०८३/०८४ | राप्ती नदीको बुद्धनगरदेखि गोलाघाटसम्म | ४,४५,५००.०० |
| ठे.नं.०१/०५/२०८३/०८४ | राप्ती नदीको जिन्दगानी घाटदेखि भिमपुर घाटसम्म | ३,७९,५००.०० |
| ठे.नं.०१/०६/२०८३/०८४ | नारायणी नदीको लौखानीदेखि उत्तरी भङ्गालो हुदै लामिचौरको जमुनिया घाटसम्म | २,४१,७००.०० |
| ठे.नं.०१/०७/२०८३/०८४ | नारायणी नदीको लामिचौर जमुनिया घाटदेखि उत्तरी भंगालो हुदै अमलटारी घाटसम्म | ७,३२,६००.०० |
| ठे.नं.०१/०८/२०८३/०८४ | नारायणी नदीको नन्दपुरदेखि सेरीधजाह/भूताहासम्म | २,८१,०००.१० |
| ठे.नं.०१/०९/२०८३/०८४ | नारायणी नदीको गिद्धेनीदेखि उत्तरी भंगालो हुदै दिव्यपुरीसम्म | १,६१,१००.०० |

१. सम्बन्धित इजाजत प्राप्त फर्म वा कम्पनीहरुले यस कार्यालयबाट डुंगा सयरको लागि घाट ठेक्का आह्वान सम्बन्धि सूचना प्रकाशन भएको मितिले ७ औ दिनसम्म दरभाउपत्रदाता वा कम्पनीहरुले निवेदन सहित फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, फर्म नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपि, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, अख्तियारनामाको प्रमाणित प्रतिलिपि (Power of Attorney) र आ.व. २०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर विवरण पेश गरेको कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको प्रमाणपत्रको प्रतिलिपि अनलाईन मार्फत पेश गरी अनलाइन दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. सम्बन्धित इजाजत प्राप्त फर्म वा कम्पनीहरुले खरिद गरेको दरभाउपत्र (कबोल अंक फारम) फारममा उल्लेख गरिएको सम्पूर्ण विवरण भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी खामबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्का विवरण, प्रोपराईटरको नाम, ठेगाना, मोबाईल नं. स्पष्ट रुपमा लेखी फर्मको छाप लगाई तपसिल खण्डमा उल्लेखित ठेक्का अनुसारको दरभाउपत्र पेश गर्ने अवधि महलमा उल्लेख भएको अवधि र समय भित्र चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा पेश गर्नुपर्दछ ।

३. रितपूर्वक दर्ता भएका दरभाउपत्र बोलपत्रदता वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा ठेक्काहरु ८ औ दिनको दिउँसो १३:०० बजे चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा खोलिनेछ । दरभाउपत्रदाता या निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खोल्ने दिन बिदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

४. दरभाउपत्र पेश गर्दा दरभाउपत्रसाथ कबोल अंक फारममा कबोल गरेको रकमको ५% ले हुन आउने धरौटी रकम निम्नानुसार विवरण भएको बैंक खातामा जम्मा (दाखिला) गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा कम्तिमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बैंक जमानी पत्र (Bid Bond) दरभाउपत्रको साथ पेश गर्नु पर्नेछ ।
बैंकको नाम : राष्ट्रिय वाणिज्य बैंक लिमिटेड,शाखाः भरतपुर,कार्यालयको नामः कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवन
कोड नं. ३१२०८३१०१, धरौटी खाता नं. १३१०१००१०२०३००००

५. रितपूर्वक नभएको र म्याद नाघि प्राप्त भएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

६. कबोल गरेको रकमको अंक अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ ।

७. दरभाउपत्रदाताले घाटमा डुंगा सयरमा प्रयोग गर्ने डुंगाहरु आफै व्यवस्था गर्नु पर्ने छ र डुंगाको किसिम, संख्या र क्षमता दरभाउपत्र फारममा उल्लेख गर्नुपर्नेछ ।



Scanned with CamScanner

८. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस राष्ट्रिय निकुञ्ज कार्यालयमा निहित रहनेछ।

९. ठेक्का स्वीकृत भई सकेपछि ठेक्का सम्झौता गर्न आउँदा दरभाउपत्रदाताले कबोल रकम एकमुष्ठ दाखिला गर्नु पर्नेछ।

१०. डुंगा ठेक्का बन्दोवस्त भईसकेपछि पर्यटकहरुलाई डुंगा सयर गराए बापत्को दस्तुर चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३० को अनुसुची-१ बमोजिम हुनेछ।

११. पर्यटन व्यवसायसंग सम्वन्धित फर्महरु, लजहरु, रिसोर्टहरु, होटलहरु, ट्राभल एजेन्सी वा कम्पनीहरुले मात्र दरभाउपत्र खरिद गर्न पाउने छन्।

१२. यस निकुञ्ज कार्यालयको विगत वर्षको घाट ठेक्का सम्झौता गरेका फर्म वा दरभाउपत्रदाताले उक्त ठेक्का कबोल रकम दाखिला गर्न बाँकी रहेको वा बाँकी राजश्व दाखिला गर्न वा बेरुजु फर्छ्यौट नगरेका फर्म वा दरभाउपत्रदाताले बक्यौता दाखिला नगरेसम्म यस ठेक्का प्रकृयामा सहभागी हुन पाउने छैनन्।

१३. दरभाउपत्र खरिद गर्ने कम्पनी वा फर्मले अनिवार्यरुपमा काठको पटेला डुंगा वा प्रकृति मैत्री डुंगा व्यवस्था गर्नुपर्नेछ।

१४. ठेक्का सम्वन्धमा अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्नेछ र सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन कानून बमोजिम हुनेछ।

कसरा, चितवन, नेपाल
+९७७-९८५५०९२२६०
www.chitwannationalpark.gov.np
info@chitwannationalpark.gov.np
IBA
CATS
Scanned with CamScanner